बैठक संख्या: ८५

मिति: २०८०।०७।२२

समय: बिहान ८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ८५ औं कार्यपालिकाको बैठक आज मिति २०८०।०७।२२ बुधबारका दिन बिहान ८:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु सर्वसम्मत पारित गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री डिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | कल्पना दाहाल | |
| १५ | प्रशासनिक कर्मचारी | छत्र बहादुर खड्का | |

**बैठकमा उपस्थित कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | सुजन कुमार बुढाथोकी | |
| २ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| ३ | सूचना प्रविधि अधिकृत | खुमलाल श्रेष्ठ | |
| ४ | इञ्जिनियर | अविनाश अधिकारी | |

| | | | |
|---|---|---|---|
| ५ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| ६ | सव ईञ्जिनियर | दिप कुमार बस्नेत | |

**निर्णयहरु**

**निर्णय नं. १**

यस गाँउपालिकाको बैठकमा उपस्थित सदस्य सँख्याको गणपुरक संख्या पुगेकोले गाँउकार्यपालिकाको बैठक सुचारु गर्ने निर्णय गरियो।

कार्यपालिकाको ८३ र ८४ औं बैठकको निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरियो । साथै देहाय बमोजिमका निर्णयहरु सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

चालु आ. व. २०८०/०८१ मा कार्यान्वयन हुने योजनहरु मध्ये हालसम्म १६ वटा भौतिक पूर्वाधार निर्माणका योजनाहरु कार्यान्वयन भएको हुनाले देहाय अनुसारको समय सीमा भित्र रही योजना सम्झौता गर्न निर्देशन दिने ।

| क्र.सं. | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २ र ३ मा लाभग्राही समुदायबाट कार्यान्वयन हुने सबै योजनाहरुको लागत अनुमान तयारी | २०८० मंसिर पहिलो हप्ता भित्र | |
| २ | वडा नं. २ र ३ मा लाभग्राही समुदायबाट कार्यान्वयन हुने सबै योजनाहरुको सम्झौता | २०८० मंसिर दोस्रो हप्ता भित्र | |
| ३ | शिलबन्दी कोटेशन, बोलपत्र विधिबाट खरिद हुने योजना तथा कार्यक्रमहरुको टेण्डर डकुमेण्ट, स्पेशिफिकेशन र लागत अनुमान तयार | २०८० मंसिर पहिलो हप्ता भित्र | |
| ४ | शिलबन्दी कोटेशन तथा बोलपत्र आह्वान | २०८० मंसिर दोस्रो हप्ता भित्र | |
| ५ | वडा नं. १ मा लाभग्राही समुदायबाट कार्यान्वयन हुने सबै योजनाहरुको लागत अनुमान तयारी | २०८० मंसिर तेस्रो हप्ता भित्र | |
| ६ | वडा नं. १ मा लाभग्राही समुदायबाट कार्यान्वयन हुने सबै योजनाहरुको सम्झौता | २०८० मंसिर चौथो हप्ता भित्र | |

**निर्णय नं. ३**

सबै विषयगत शाखाले पेश गरेको खरिद योजना स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

निर्माण व्यवसायीहरुबाट निर्माण भई रहेका वडा कार्यालयहरु, खुम्जुङ खुन्दे ढल निर्माण, थुक्ला पुल निर्माणका सामानहरु निर्माणस्थलसम्म ढुवानी गरी सहयोग गरिदिन हेलिकोप्टर कम्पनीहरुलाई पत्रचार गर्ने ।

**निर्णय नं. ५**

गाउँपालिका क्षेत्र भित्र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी हुन सक्ने विकासका कार्यहरुको अध्ययन गर्ने सम्भाव्य परियोजनाहरुको खाका तयार गरी आवश्यक लगानी गर्ने वा गराउने वातावरण तयार गर्ने तथा नाम्चेदेखि गोक्यो र सगरमाथा बेस क्याम्पसम्म फाइबर लेईङ गर्ने कार्य, इन्टरनेट सेवा प्रदान गर्ने कार्यका लागि मिति २०७९।०५।३१ गते डिकेड इण्टरनेशनल प्रा.लि., आइटेल प्रा.लि. र यस गाउँपालिका बीच त्रिपक्षीय सम्झौता भएकोमा डिकेड इण्टरनेशनल प्रा.लि. र आइटेल प्रा.लि. ले सम्झौतानुसारका कार्यहरु नगरेको हुनाले उक्त सम्झौता भङ्ग गरी प्रक्रियाहरु पूरा गरी **Airlink** सँग सो कार्यका लागि सम्झौता गर्ने ।

**निर्णय नं. ६**

महालेखाबाट आ. व. २०७९/०८० को अन्तिम लेखापरीक्षण सम्पन्न गरी सो को प्रारम्भिक प्रतिवेदन समेत प्राप्त भएकाले असुल उपर गर्ने बेरुजुको हकमा असुल उपर गर्न र प्रमाण पेश गर्नु पर्ने बेरुजुको हकमा प्रमाण पेश गर्न सरोकारवालाई पक्षहरुलाई पत्राचार गर्ने । साथै नियमित गर्नु पर्ने बेरुजु र सम्परीक्षण गर्नु पर्ने बेरुजुको हकमा आवश्यक प्रमाण पुऱ्याई बेरुजु फस्यौंट गर्न लेखा समितिलाई जिम्मेवार बनाउने ।

**निर्णय नं. ७**

गाउँपालिकालाई कार्यक्षेत्र बनाई विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गरिरहेका गैर सरकारी संस्थाहरुलाई आफ्नो वार्षिक कार्यक्रम तथा बजेट पेश गर्न पत्रचार गर्ने । यसरी पत्रचार गर्दा समेत अटेर गरी बस्ने, गाउँपालिकासँग सहकार्य र स्वीकृत नलिने गैर सरकारी संस्थाहरुको यस गाँउपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन बन्द गर्न निर्देशन दिने ।

**निर्णय नं. ८**

विधायन समितिले निम्न नियम, कानुनहरु तयार तथा संशोधन गरी सो को मस्यौदा पेश गर्ने ।

- कार्यविधि तथा निर्देशिकाहरु
    - संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन
    - आन्तरिक नियन्त्रण प्रणाली
    - छात्रवृत्ति कार्यविधि संशोधन
    - सडक व्यवस्थापन तथा सवारी साधन सञ्चालन कार्यविधि (सरोकारवाला सँग छलफल र अन्तरकृया कार्यक्रम समेत)
    - Public Toilet सञ्चालनका लागि कार्यविधि तथा मापदण्ड
    - बेस क्याम्प व्यवस्थापन तथा हिमाल सरसफाई कार्यविधि
    - पर्यटन नीति (मस्यौदा माथि स्थानीय रुपमा छलफल गर्ने, सरोकारवालाहरुसँग काठमाण्डौमा छलफल गर्ने)
    - नागरिक उपचार कोष कार्यविधि संशोधन
    -

**निर्णय नं ९**

गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउन प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच, प्रमुख प्रशासकीय अधिकृत तथा विद्यालयका प्रधानाध्यापक बीच कार्यसम्पादन करार गर्ने, तथा कार्य सम्पादनका आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास गर्ने।

**निर्णय नं १०**

२०२० मा Sister City between Ward 4 and Winter Park America स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिमको स्विकृति लिने प्रक्रिया पूरा नभएकाले Sister City मान्न नसकिने भएकोले पत्रचार गर्ने ।

**निर्णय नं ११**

आगामी ३० November – 12 December 2023 मा दुबईमा हुने Cop 28 को उपलक्ष्यमा हुने Side Event मा सहभागि हुन साथसाथै नामको सँस्थाबाट यस गाँउपालिकाका उपाध्यक्ष श्री टासील्हामु शेर्पालाई निमन्त्रणा प्राप्त भएकोले सगरमाथा क्षेत्र तथा उच्च हिमाली क्षेत्रमा जलवायू परिवर्तनको कारण उत्पन्न भएको असरको सम्बन्धमा भनाईहरु राख्नका लागि सहभागिको सम्पूर्ण खर्च व्यवस्थापन गाँउपालिकाबाट व्यहोर्ने गरी यस गाँउपालिकाका उपाध्यक्ष श्री टासील्हामु शेर्पालाई मनोनयन सिफारिस गरी स्विकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

**निर्णय नं १२**

नाम्चेमा खुम्बु पासाङ्गल्हामु गाँउपालिका, um hong gil Foundation तथा नाम्चे युवा समुह विच um hong gil Namche community hospital ५ शैयाको अस्पताल स्थापना तथा सञ्चालनका लागि भएको त्रिपक्षीय सम्झौता अनुमोदन गर्ने ।

**निर्णय नं १३**

यस खुम्बु पासाङल्हामु गाँउपालिकाको मञ्जो, थामे, लाफार्मामा पटक पटक दुरसञ्चार सेवा अवरुद्ध भई सर्वसाधारणको सूचना तथा सञ्चार माथिको पहुँचमा नकारात्मक असर परेको। साथै पर्यटकीय स्थानमा सञ्चारको सेवा अवरुद्ध हुँदा खुम्बु क्षेत्रमा आउने पर्यटकको उद्धार तथा सहायतामा समेत नकारात्मक असर परेकोले यस क्षेत्रमा अप्टीकल फाईबर सहितको 4G/3G/2G सेवा उपलब्ध गराउने प्रयोजनका लागि टावर निर्माण नेपाल टेलिकम मार्फत गर्ने तथा सो टावर निर्माणका लागि आवश्यक सामाग्रीको काठमाण्डौबाट सम्बन्धित स्थानमा हवाई मार्फत ढुवानीका लागि गाँउपालिकाले ५० प्रतिशत लागत साझेदारीमा ढुवानी खर्च व्यहोर्ने गरी सहमति भए बमोजिम नेपाल टेलिकमबाट टावर निर्माण कार्य भईरहेको छ। तसर्थ गाँउपालिकाबाट टेलिकमको टावर निर्माण गर्ने आवश्यक सामान ढुवानीका लागि गाउपालिका मार्फत लागत अनुमान तयार गरी हेलिकप्टर मार्फत सामान ढुवानीको प्रक्रिया अगाडि बढाउन नेपाल टेलिकम समक्ष सम्झौता गर्ने ।

**निर्णय नं १४**

लुक्ला, टोकटोक, नाचिपाङमा सञ्चालनमा रहेको सार्वजनिक शौचालय (Free Toilet) को रेखदेख सञ्चालन तथा सरसफाई वडा कार्यालय मार्फत गर्ने। तथा Tourist Destination मा रहेका ठाँउमा निजि क्षेत्र सँग Public Toilet सञ्चालनका लागि कार्यविधि बनाई लागु गर्ने यसमा काठमाण्डौ महानगरपालिकाको उदाहरण लिन सकिने। गाँउपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका Public Toilet सञ्चालनका लागि कार्यविधि तथा मापदण्ड बनाई लागु

गर्ने यस कार्यको लागि विधायन समितिले कार्य अगाडि बनाउने । उक्त कार्यका लागि फोहोरमैला व्यवस्थापन शीर्षकबाट खर्च व्यवस्थापन गर्ने ।

**निर्णय नं १५**

सघन सहरी विकास कार्यालय कोशी प्रदेशको लागतमा यस गाउँपालिकाको वडा नं २ मा निर्माण हुन लागेको २ नं वडा कार्यलय भवन निर्माणको लागि हाल रहेको पुरानो वडा कार्यालय भत्काई (Dismantle) निर्माण स्थल Clear गर्नुपर्ने भएकोले हाल कायम रहेको २ नं वडा कार्यलय भवन सञ्चालनकालागि घरभाडामा लिने प्रकृया समेत सुरु भई सूचना आव्हान भएको। सो भवन भत्काई Site Clear गरी जमिन खाली गर्ने कार्य गरी नयाँ भवन बनाउनका लागि सघन सहरी विकास कोशी प्रदेशसँग समन्वय र सहजीकरण गर्ने र भवन निर्माणका लागि गाउँपालिकाले पत्राचार गर्ने ।

**निर्णय नं १६**

गाउँपालिका क्षेत्र भित्र निर्माण हुने ट्रेकिङ ट्रेलमा प्रयोग हुने स्टिल पाइप, स्टेपिङको उचाई, सोलिङ, ड्रेन निर्माण गर्दा एकरुपता कायम गरी निर्माण गर्न योजना शाखा, प्राविधिक शाखालाई निर्देशन गर्ने ।

**निर्णय नं १७**

गाँउपालिकाको स्विकृत वार्षिक कार्यक्रम तथा यस पालिक क्षेत्रभित्र विभिन्न गैह्र सरकारी सँस्थाले यस गाउँपालिकासँग समन्वय नगरी तथा स्विकृति नलिई कार्यक्रम सञ्चालन गरेको भए तत्काल स्विकृति लिन तथा स्विकृति नलिई सञ्चालन गरेका कामकारवाही तत्काल बन्द गर्न सूचना दिने। तथा यस गाँउपालिकाको स्विकृत योजना तथा कार्यक्रमहरु र गैह्र सरकारी सँस्थाबाट समेत यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका योजना मागगरी एकिकृत गरी प्रकाशन गर्ने सो विषयको लागि कार्यलयका कर्मचारी छत्र बहादुर खड्कालाई जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं १८**

गाँउपालिका क्षेत्र भित्रका विद्यालय, Health post, तथा चेकपोष्टमा Electronic हाजिरी व्यवस्था लागु गर्ने। विद्यालयहरु, स्वास्थ्य सँस्थामा प्रोत्साहन वितरण गर्दा ई हाजिरी अनुसारको विवरण पेश गर्नुपर्ने व्यवस्था मिलाउने तथा गाँउपालिकाबाट सो हाजिरीको Monitoring गर्न सक्ने पद्धतिको विकास गर्न सो कार्यका लागि पालिकाका सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं १९**

गाउँपालिकाबाट सञ्चालन भईरहेका विभिन्न आयोजना तथा परियोजना तथा सो ले जनजीवनमा पारेको सकारात्मक असरका सम्बन्धमा You tube, लगायत सामाजिक सञ्चार माध्यममा प्रचार प्रसार गर्ने। गाँउपालिकाको website update गर्ने। तथा त्यस्ता सामाग्रीलाई website मार्फत प्रकाशन गर्न समेत जोड दिने। सो कार्यका लागि पालिकाका सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने।

**निर्णय नं २०**

यस गाउँपालिकाको वडा नं. २ र सोलुदूधकुण्ड नगरपालिकाको सिमाना लुजाखोला, वडा नं. २ र महाकुलुङ गाउँपालिकाको सिमाना खारे छत्रला तथा वडा नं २ तथा माप्य दुधकोशी गाँउपालिका बीचको सिमाना सम्बन्धमा द्विविधा रहेकाले नापी कार्यालय, सोलुखुम्बु, सम्बन्धित स्थानीय तहसँगको छलफल, फिल्ड भिजिट गरी नापजाँच गरी सिमाना स्पष्ट पार्ने । गाँउपालिका क्षेत्रभित्र सार्वजनिक जग्गाको अतिक्रमण गरी निर्माण तथा सञ्चालन गरिएका संरचना तत्काल हटाउन पटक पटक पत्रचार गर्दा पनि अटेर गर्ने अटेरी पक्षलाई पुन: पत्रचार गर्ने । पत्रचार गर्दा पनि अतिक्रमित क्षेत्र नहटाएमा कानून अनुसार गर्ने । वडा नं. १ को काँडे, थामडाँडा तथा खरिखोलामा सार्वजनिक क्षेत्र मिची बनेका घर तथा टहराहरुको अध्ययन गरी पेश गर्न अमिन दिपक दाहाललाई खटाउने ।

**निर्णय नं २१**

सर्वसाधारणको स्वास्थ्य तथा गुणस्तरीय वस्तु तथा सेवा आपूर्तिलाई प्रभावकारी बनाउन बजार अनुगमनलाई नियमित बनाउन बजार अनुगमन निर्देशिका २०७७ बमोजिम उपभोक्ता हित संरक्षण समितिले जिम्मेवारी लिने।

**निर्णय नं २२**

खुम्बु क्षेत्रमा रहेको होटल तथा लजमा Gas Shower को प्रयोग गर्दा निसास्सिएर दुर्घटना भई पर्यटकको मृत्यु समेत हुने गरेकोले Gas shower स्थापना तथा सञ्चालनको लागि Fire and shower Safety तथा ग्यास गिजरको मापदण्ड बनाएर लागु गर्ने। Hotel Association हरुमा Safety सम्बन्धि तालिम तथा सचेतना गोष्ठी सञ्चालन गर्ने। होटल व्यवसाय नवीकरण गर्दा सो सुरक्षा मापदण्ड पालना गरे नगरेको सम्बन्धमा वडा कार्यालयहरुले अनुगमन गर्ने।

**नियम २३**

खुम्बु पासाङल्हामु गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा ५ को उपदफा १ मा भएको व्यवस्थानुसार आगामी २ वर्षको लागि देहाय अनुसारको गाँउ स्वास्थ्य समिति गठन गर्ने ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री मिङमा छिरी शेर्पा | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिका सदस्य श्री ङिमा याङजिन शेर्पा | सदस्य |
| ल्हाक्पा छिरी शेर्पा | सदस्य |
| गाउँ सभा सदस्य श्री ङवाङ जाङ्मु शेर्पा | सदस्य |
| गाउँ सभा सदस्य श्री मिना फुटी शेर्पा | सदस्य |
| वरिष्ट स्वास्थ्य प्राविधिक | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं २४**

विपद व्यवस्थापन र स्वास्थ्य उपचार सहयता कोषबाट भएका देहाय बमोजिमका खर्चहरु अनुमोदन गर्ने ।

| क्र.सं. | भुक्तानी पाउने | ठेगाना | रकम | वापत |
|---|---|---|---|---|
| १ | फाप्क्षमो टोल विकास संस्था | वडा नं ५ | १,००,०००.०० | मृतक आङ्ग किपु शेर्पाको परिवार तथा आफन्त कोही नभई टोल विकास संस्थाले काजक्रिया गरेको |
| २ | मानसिंह राई | माप्य दुधकोशी गा पा वडा नं १ | १,००,०००.०० | सडक निर्माणस्थलमा ज्यान गएकाले निजको परिवारलाई काज क्रिया खर्च |
| ३ | डा. नगेन्द्र खड्का | पशुचिकित्सक, गाउँपालिका | उपचार खर्च रु ५०,०००.०० र उद्धार खर्च रु ५०,०००.०० | लम्पी स्किनको खोप लगाउन जाँदा लडेर खुट्टा भाँचिएको र हेलिकोप्टर मार्फत उद्धार गरिएको |

**निर्णय नं २५**

सघन सहरी विकास डिभिजन कार्यालय ओखलढुङ्गाले यस गाउँपालिकाको २ नं. वडा कार्यालय रहेको स्थानमा सभाहल सहितको भवन निर्माण गर्न ठेक्का सम्झौता समेत भई सकेको तर उक्त ठेक्का सम्झौतामा साविकको वडा कार्यालय भवन Dismantle work/ भत्काउने बजेटको व्यवस्था नभएकाले उक्त भवन गाउँपालिकाबाट सोझै खरिद विधि अपनाई भत्काउने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ तथा सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ अनुसार लिलाम बिक्री गर्ने ।

**निर्णय नं २६**

स्थानीय आवश्यकता र माग बमोजिमका देहाय अनुसारका योजनाहरु कार्यान्वयन गर्न यस गाउँपालिकासँग स्रोत न्यून रहेका कारण कार्यान्वयन गरिदिन माथिल्लो निकायमा अनुरोध गर्ने ।

| क्र.सं. | योजना/कार्यक्रम | सञ्चालन हुने स्थान | रकम | गाउँपालिकाले व्यहोर्ने | माग गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | ङिमदोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नति | वडा नं. १ को खण्ड | १० करोड | ५०% | समपूरक अनुदान |
| २ | | | | | सघन शहरी विकास डिभिजन ओखलढुङ्गा |
| ३ | लार्चा दोभान देखि नाम्चे सम्मको एभरेष्ट ट्रेकिङ ट्रेल निर्माण | | | | सघन शहरी विकास डिभिजन ओखलढुङ्गा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | फाक्दिङ ढल निर्माण | | | | सघन शहरी विकास डिभिजन ओखलढुङ्गा |
| ५ | थामे गुम्बा, र | | | | पुरातत्व विभाग |
| ६ | खुन्दे | | | | पुरातत्व विभाग |
| ७ | तेङबोचे | | | | पुरातत्व विभाग |
| ८ | बुक्सा गुम्बा | | | | पुरातत्व विभाग |
| ९ | क्यारोक गुम्बा | | | | पुरातत्व विभाग |
| १० | खुम्जुङ खानेपानी | | | | खानेपानी विभाग |
| ११ | खरिखोला खानेपानी | | | | खानेपानी विभाग |
| १२ | खरिखोला तिनकुनेदेखि स्कूलडाँडासम्मको सडक | | | | सहरी विकास इटहरी /ओखल ढुङ्गा सडक डिभिजन कार्यालय |
| १३ | माप्य खुम्बु मितेरी पुलदेखि कन्दडेसम्मको सडक | | | | प्रदेश सरकार |

कार्यालयबाट कार्यान्वयन गरिने योजनाहरुः (सँघ) लुक्ला र खुम्जुङका योजना treatment plan सहित १५० लाख कुलो सहित बाटो खुम्जुङ ९० लाख र ६० लाखको योजना गाउँपालिका सँग समन्वय गर्न सघन सहरी ओखलढुङ्गालाई पत्राचार गर्ने ।

**निर्णय नं २७**

खरिखोला खानेपानी निर्माण गर्न खरिखोला खानेपानी निर्माण उपभोक्ता समितिलाई आ.व. २०७६/०७७ मा रु ३५ लाख पेश्की उपलब्ध गराईएकोमा उक्त रकमबाट खानेपानी निर्माणका सामाग्रीहरु, स्थानीय सामाग्री(ढुङ्गा, गिट्टी, बालुवा) लगायतको सामानहरु खरिद गरेको तर हालसम्म पनि उपभोक्ता समितिले पेश्की फस्यौंट नगरेको हुनाले खरिद गरिएका सामाग्रीहरु वडा कार्यालयमा बुझाई पेश्की फस्यौंट गर्न ताकेता गर्ने ।

**निर्णय नं २८**

आ.व. २०७९/०८० देखि यस गाउँपालिकाबाट लाभग्राही समुदायबाट कार्यान्वयन हुने योजनाहरु टोल विकास संस्था मार्फत कार्यान्वयन हुँदै आईरहेका छन् । टोल विकास संस्थाबाट योजना कार्यान्वयन गर्दा बेरुजु फस्यौंट, योजनाको जिम्मेवारी लिने लगायतका कार्यमा कार्यालयलाई पनि सरल भएको छ । टोल विकास संस्थाबाट योजना कार्यान्वयन गर्दा एक भन्दा बढि योजनाहरु एउटै टोल विकास संस्थाबाट कार्यान्वयन गरिने भए टोल विकास संस्थाकै मातहातमा उपसमिति गठन गरी कार्यान्वयन गर्ने । साथै टोल विकास संस्थाबाट कार्यान्वयन गरिने आयोजनाहरु गाउँपालिकाकै आयोजनाहरु भएकाले टोल विकास संस्थाको लेखापरीक्षण गर्दा सामुदायिक विद्यालयहरुको लेखापरीक्षण हुने समयमा नै हुने गरी टोल विकास संस्थाको लेखापरिक्षणा खर्च गाउँपालिकाबाट भुक्तानी हुन व्यवस्था मिलाउने ।

**निर्णय नं. २९**

वैकल्पिक बाटो खच्चरको वैकल्पिक बाटो निर्माणका लागि १३ औं गाँउसभाबाट विनियोजन भएको बजेट मध्ये रु बैंकर पहिरो

**निर्णय नं ३०**

दोस्रो गाउँ सभाको १३ औं अधिवेशनबाट DPR शीर्षकमा विनियोजित भएको बजेटबाट देहायका योजनाहरुको प्राथमिकताको क्रम अनुसार DPR तयार पार्ने ।

- लबुचे पोर्टर शेल्टर
- नाम्चे खानेपानी,
- लुक्लाबाट मेरा जाने बाटो,
- माप्य खुम्बु मितेरी पुलदेखि कम्दमे सम्मको ट्र्याक ओपन योजना पहिरो ,
- फोर्चेबाट गोक्यो जाने बाटो,
- नाम्चे बुद्ध पार्क निर्माण ।

**निर्णय नं. ३१**

आर्थिक ऐन २०८० मा तोकिएका राजश्व शीर्षक तथा राजश्व दरलाई समय सापेक्ष परिमार्जन गरी १४ औं अधिवेशनमा पेश गर्न राजश्व परामर्श समितिलाई निर्देशन दिने ।

**निर्णय नं. ३२**

गाउँपालिका भित्र सञ्चालित निजी, सामुदायिक अस्पताल र स्वास्थ्य संस्थाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिलाई निर्देशन दिने ।

**निर्णय नं ३३**

एभरेष्ट ट्रेकिङ ट्रेल अन्तर्गतका वडा नं. ४ मा अवस्थित छुकुङ र दिङबोचे मा रहेको काठे साँघु वर्षादको बाढीले बगाई पूर्ण क्षति भएकोले उक्त साँघुहरु निर्माणको लागि Sustainable Tourism For Livelihood Recovery Project ( STLRP) बाट ५/ ५ लाख विनियोजन भएको जानकारी यस गाउँपालिकालाई प्राप्त भएको हुँदा गाँउपालिकाको समपूरक कोषबाट रु ५/ ५ लाख बजेट थप गरी लागत साझेदारीमा योजना कार्यान्वयन गर्ने ।

**निर्णय नं ३४**

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७६ अनुसार वास्तविक लाभग्राहीको पहिचान गरी तोकिएको वर्गको अपाङ्गता परिचयपत्र जारी गर्न मेडिकल अधिकृत सहितको घुम्ती शिबिर सञ्चालन गर्न राष्ट्रिय परिचय पत्र तथा सामाजिक सुरक्षा कार्यक्रमका एम आइ एस अपरेटरलाई निर्देशन दिने ।

**निर्णय नं. ३५**

आ.व ०७९।८० मा नाम्चे क्षेत्रमा विस्तार भएको फाइबर केबल बिछ्याउने कार्य गर्दा सम्झौता र लागत अनुमानमा तोकिएको परिमाण भन्दा बढि काम गर्नु पर्ने भएको, उक्त कार्य सोही अवधिमा सम्पन्न गर्न नसकेमा पुन कामदार खोज्नु पर्ने, बजार क्षेत्रको बाटो पटक पटक भत्काउँदा प्रदूषण बढ्ने जस्ता कारण सृजना भएकाले थप काम समेत सोही आर्थिक वर्षमा नै लगाईएको हुँदा थप काम वापतको रकम रु ७ लाख प्राविधिक नाप जाँच र मूल्याङ्कनका आधारमा काम गर्ने लाभग्राही समुदाय नाम्चे बौद्ध टोल विकास सँस्थालाई भुक्तानी गर्ने ।

## निर्णय नं. ३६

लाभग्राही समुदायबाट पूर्वाधार विकासको कार्यको लागत अनुमान तयार, भुक्तानी प्रक्रियाको कार्यमा तयार पारिने नापी, मूल्याङ्कन, ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदनको सन्दर्भमा गुनासो आएको हुँदा गाउँपालिकाको ठूलो र कठीन भूगोललाई ध्यानमा राख्दै निर्माण कार्यलाई सरल, सहज र प्रभावकारी बनाई लाभान्वित वर्गमा छिटो सेवा प्रवाह गर्न प्राविधिक कर्मचारीहरुलाई देहाय अनुसारको कार्य बाँडफाँड गर्ने । साथै अन्य कर्मचारीको हकमा समेत देहाय अनुसार जिम्मेवारी तोक्ने ।

| क्र.सं. | प्राविधिक कर्मचारीको नाम, थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | अविनाश अधिकारी | ईञ्जिनियर | प्राविधिक शाखा प्रमुख भई सबै पूर्वाधार योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयारमा सहजीकरण गरी कार्यालयमा पेश गर्ने | |
| २ | ऋषिराज कुमार राम | सव ईञ्जिनियर | वडा नं. २ मा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयार पारी प्राविधिक शाखामा पेश गर्ने, NCB, QCB, Sealed Quotation विधिबाट कार्यान्वयन हुने योजनाहरुको कागजात र मूल्याङ्कन प्रतिवेदन तयार पार्ने | |
| ३ | दिप कुमार बस्नेत | सव ईञ्जिनियर | योजना शाखा प्रमुख अतिरिक्त निर्माणाधीन ङिमदोर्जी शेर्पा सडकको साइट ईञ्चार्ज | |
| ४ | प्रविणा बुढाथोकी | सव ईञ्जिनियर | वडा नं. ३ मा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयार पारी प्राविधिक शाखामा पेश गर्ने | |
| ५ | आङ देण्डी शेर्पा | असिष्टेण्ट सव ईञ्जिनियर | वडा नं. १ मा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयार पारी प्राविधिक शाखामा पेश गर्ने | |
| ६ | श्री राम थामी | असिष्टेण्ट सव ईञ्जिनियर | वडा नं. ४ मा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयार पारी प्राविधिक शाखामा पेश गर्ने | |
| ७ | पासाङडोमा शेर्पा | असिष्टेण्ट सव ईञ्जिनियर | योजना शाखाका अतिरिक्त गाउँपालिका स्तरीय योजनाहरु वडाका प्राविधिक ईञ्चार्जसँग समन्वय गरी कार्य गर्ने | |
| ८ | रविन्द्रनाथ राम | सव ईञ्जिनियर | प्रधानमन्त्री रोजगार कार्यक्रम र वडा नं. ५ मा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तयार, नापी तथा मूल्याङ्कन तयार र कार्य सम्पन्न प्रतिवेदन तयार पारी प्राविधिक शाखामा पेश गर्ने | |
| ९ | रतना बोहोरा | प्राविधिक सहायक | शिक्षा शाखा प्रमुख(शिक्षा अधिकृत हाजिर नहुञ्जेल) | |

| | | | | |
|---|---|---|---|---|
| १० | कल्पना चौलागाईं | खानेपानी सहायक टेक्निसियन | गाउँपालिका भित्र निर्माण हुने सबै खानेपानी तथा सरसफाई सम्बन्धी योजनाको लागत अनुमान, नापी मूल्याङ्कन, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित वडाका जिम्मेवार ईञ्चार्ज मार्फत प्राविधिक शाखामा पेश गर्ने | |

**<u>निर्णय नं. ३७</u>**

खरिखोला आधारभूत अस्पतालको जग्गा प्राप्ति गर्ने कार्यका लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा ५ अनुसार सि. अ. हे. व. उद्धव ढुंगानालाई जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिएकोमा निज सि. अ. हे. व. उद्धव ढुंगाना रमाना भई जानु भएकोले जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाही चलाउने अधिकारी प्रशासकीय अधिकृत सुजन कुमार बुढाथोकीलाई तोक्ने र सो कार्यका लागि आवश्यक सहयोग गर्न सि. अ. न. मि. अर्थीमाया तामाङ र अमिन दिपक दाहाललाई समेत जिम्मेवार बनाउने ।

**<u>निर्णय नं. ३८</u>**

खच्चडबाट हुने ढुवानी हुने सामानहरुको दररेट एकरुपता नभएको पाईएकाले खच्चडबाट ढुवानी गर्ने व्यवसायी जित बहादुर राई र रामलाल श्रेष्ठ सँग समन्वय गरी खच्चडबाट हुने सामानको ढुवानीको दररेट निर्धारण गर्ने ।

**<u>निर्णय नं. ३९</u>**

छात्रवृत्ति कार्यविधि २०७८ संशोधन गर्ने कार्यका लागि विद्यालय जान १ घण्टा भन्दा बढि समय लाग्ने विद्यार्थीका लागि छात्राबासको व्यवस्थापन गर्न र छात्रवृत्ति कार्यविधि अनुसार छात्रवृत्ति वितरण गर्नका लागि विद्यालयहरुसँग तथ्याङ्क माग गर्ने ।

**<u>निर्णय नं. ४०</u>**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको लुक्ला डिपोबाट यस वर्ष हालसम्म खाद्यान्न वितरण भएको छैन । उक्त कम्पनी लिमिटेडबाट यस गाउँपालिकाको नाम्चेमा डिपो स्थापना गरी नाम्चेबाट सेवा प्रवाह गर्न केन्द्रीय कार्यालय भद्रकाली प्लाजाबाट जानकारी प्राप्त भएकोमा हालसम्म पनि उक्त कार्य शुरु नभएकाले अविलम्ब उक्त कार्य गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको लुक्ला डिपो केन्द्रीय कार्यालय भद्रकाली प्लाजालाई अनुरोध गर्ने ।